# धुलिखेल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

धुलिखेल काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

धुलिखेल नगरपालिका (DHULIKHEL MUNICIPALITY)

**यस नगरपालिका क्षेत्रभित्रको आर्थिक वर्ष ०८२/८३ को बाँकी अवधिका लागि कवाडी कर संकलन (आय ठेक्का नं.:- 01/Internal Resources/Kawadi/082/83) सम्बन्धी कार्यको सिलबन्दी बढाबढ दरभाउपत्र फारम आव्हानको सार्वजनिक सूचना**

**आय ठेक्का सूचना प्रकाशित मितिः-२०८२/०९/१४**

यस धुलिखेल नगरपालिकाबाट आर्थिक वर्ष ०८२/८३ को अवधिका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिकाको काम कर्तब्य र अधिकार अन्तर्गतको उपदफा २ (घ) र सोहि ऐनको दफा ६४ उपदफा (१) (ग) बमोजिम तथा यस नगरपालिकाको चालू आ व. को लागि जारी गरिएको आर्थिक ऐन, २०८२ को अनुसूची ८ मा कायम गरेको दररेट बमोजिम यस नगरपालिका क्षेत्र भित्रको कवाडी कर संकलन गर्न ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

प्रचलित नेपाल कानून बमोजिम दर्ता भई प्रमाणपत्र लिएका (मू.अ.कर/ पान, आ.ब. ०८२/०८३ को नवीकरण, फर्म दर्ता, आ.व.०८१/०८२ कर चुक्ता/०८२ पौषसम्म म्याद थप लगायतका) योग्यता प्राप्त इच्छुक व्यवसायी, ठेकेदार/फर्महरुले मिति २०८२/०९/२८ गते कार्यालय समयभित्र दरभाउपत्र फारम खरिद गरी उल्लेखित आधारमा कबुल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अङ्क र अक्षरमा खुलाई आफैं वा आफ्नो प्रतिनिधिमार्फत मिति २०८२/०९/२९ गते दिउँसो १२:०० बजेसम्म सिलबन्दी दरभाउपत्र यस कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

दर्ता हुन आएका बोलपत्रहरू मिति २०८२/०९/२९ को दिनको १:०० बजे यस कार्यालयमा खोलिनेछ । बोलपत्र दाखिला गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुल्ने दिन सो कार्य तोकिएकै समयमा हुनेछ ।

बोलपत्रको साथमा तपसिलमा उल्लेखित बिडवोन्ड रकम यस कार्यालयको धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त बाणिज्य बैङ्कबाट जारी भएको बिडवोन्ड (Bid Security) बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट पचहत्तर (७५) दिन म्याद भएको बिडवोन्डको सक्कल प्रति संलग्न राख्नुपर्नेछ । धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समाबेश गर्न पाइने छैन ।

कबोल अंकमा मु.अ.कर समेत जोडेरमात्र कुल ठेक्का सम्झौता रकम हुनेछ । ठेक्का सम्झौता रकम सम्झौता गर्दाको बखत एकमुष्ट रकम वा दुई किस्ता गरी रकम बुझाउन सकिनेछ ।

तपसिलमा उल्लेखित ठेक्काका कर/दस्तुरका दररेट र न्युनतम कबोल अंक निर्धारण गरिएको छ र शर्तहरू बोलपत्र फाराममा संलग्न गरिनुका साथै सूचना पाटी तथा वेवसाइट (www.dhulikhelmun.gov.np) मा समेत टाँस गरिएको छ ।

बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने लगायतका ठेक्का सम्बन्धी निर्णय गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकासँग सुरक्षित रहनेछ । नेपाल सरकार, बागमती प्रदेश सरकार र यस नगरपालिकाबाट भएका निर्णय, निर्देशिका र शर्तहरु ठेकदारले अनिवार्य रुपमा पालना गर्नुपर्नेछ । अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

| सूचना नं. | कार्यको विवरण | न्यूनतम ठेक्का अङ्क (मू.अ. कर बाहेक) | जमानत रकम रू. | दरभाउपत्र फारम दस्तुर रू. | कैफियत दरभाउपत्र पाइने स्थानः |
|---|---|---|---|---|---|
| 01/Internal Resources/ Kawadi/082/83) | धुलिखेल नगरपालिका क्षेत्रभित्रको आर्थिक वर्ष ०८२/८३ को लागि कवाडी कर संकलन । | रू. ६,००,०००/- (छ लाख मात्र) | नेपाली नागरिक तथा फर्म भए कबोल अङ्कको ५ प्रतिशत गैह्र नेपाली नागरिक भए १० प्रतिशत | रू. १०००/- | धुलिखेल नगरपालिका राजश्व शाखा सम्पर्क नं. ९८४१४२१९३८ |

**खाताको विवरणः**

आन्तरिक राजस्व खाता नं.: -१०४०१००३०१०१०००२ बैङ्कः - Rastriya Banijya Bank Ltd., Dhulikhel

धरौटी खाता नं.: -१०४०१००३०३००००००२ बैङ्कः - Rastriya Banijya Bank Ltd., Dhulikhel

**थप जानकारीको लागिः** www.dhulikhelmun.gov.np

CS CamScanner